# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४२६ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **विनिमय दर निर्धारण सम्बन्धी व्यवस्था ।**

महाशय,

परिवर्त्य विदेशी विनिमय व्यवस्थापन सम्बन्धमा निम्न वमोजिमको व्यवस्था गरिएको हुँदा सो अनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्राहरुको विनिमय दर बैंक/वित्तीय संस्थाहरु आफैले तोक्न सक्नेछन् ।

२. यस बैंक र बैंक/वित्तीय संस्थाहरूबीच परिवर्त्य विदेशी मुद्राको खरीद/बिक्रीको कारोवार बजार हस्तक्षेप (Intervention) को माध्यमबाट अमेरिकी डलरमा मात्र हुनसक्नेछ ।

३. बैंक/वित्तीय संस्थाहरूले आ-आफ्नो मौज्दातको नगद परिवर्त्य विदेशी मुद्रा यस बैंकमा बुझाउन ल्याउँदा निम्न वमोजिम बैंक/वित्तीय संस्थाहरूको खातामा जम्मा गरिनेछ ।

   (क) नगद अमेरिकी डलरको हकमा सेवा शुल्क वापत २ प्रतिशत कट्टा गरी बाँकी ९८ प्रतिशत खातामा जम्मा गरिनेछ ।

   (ख) अमेरिकी डलर वाहेक अन्य नगद परिवर्त्य विदेशी मुद्राहरूको हकमा यस बैंकको प्रचलित विनिमय दर अनुसार अमेरिकी डलरमा रुपान्तर गरी सेवा शुल्क वापत २ प्रतिशत कट्टा गरी बाँकी ९८ प्रतिशत खातामा जम्मा गरिनेछ ।

४. परिवर्त्य विदेशी विनिमय दरहरूमा हुने थपघटको कारणबाट कारोवारमा हुनसक्ने कुनै पनि किसिमको लाभ हानी सम्बन्धित बैंक/वित्तीय संस्थाहरूकै हुनेछ । तर, भारतीय रुपैयाँको विनिमय दरको थपघटबाट हुने लाभ हानीको मिलान प्रचलित व्यवस्था वमोजिम गरिनेछ ।

५. बैंक/वित्तीय संस्थाहरूले आ-आफ्ले निर्धारण गरेको विनिमय दरमा अन्तर बैंक खरीद/बिक्री कारोवार समेत गर्न सक्नेछन् ।

६. भारतीय रुपैयाँको विनिमय दर यस बैंकले तोके वमोजिम हुनेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक